## आफ्नो दर्शनलाई मूल्यांकन गर्नुहोस्

परमेश्वरले तपाईंलाई दिनुभएको दर्शनको मूल्यांकन गर्नु तपाईंको सेवकाई नेतृत्वमा धेरै महत्त्वपूर्ण छ। यो खम्बाहरूका लागि पनि महत्त्वपूर्ण छ। तपाईं दर्शनको मूल्यांकनद्वारा परमेश्वरले तपाईंलाई दिनुभएको दर्शनमा सत्य रहन सक्नुहुनेछ।

तपाईंले समयको साथ, दर्शनमा परिवर्तन, चुहावट अनि परिस्थितिहरूले यसमा दबाब दिन्छ भनेर सिक्नुहुनेछ। त्यसैले हामीले सधैं दर्शनलाई मूल्यांकन गरिरहनुपर्छ। हामी पटक पटक दर्शनको नतिजा, कार्यक्रमहरू वा दर्शनको मूल्यांकन गर्नेछौं। म तपाईंलाई दर्शनको मूल्यांकन कसरी गर्नेबारे सिकाउन चाहन्छु। दर्शनको बल यसको आकार अथवा नतिजा होइन, यो दर्शन आफै नै हो। हितोपदेश २९:१८ मा यो कसरी लिपिबद्ध छ भन्ने कुरा यहाँ छ। जब मानिसहरूले परमेश्वर के गरिरहनुभएको छ भनेर देख्न सक्दैनन्, तिनीहरू आफैंमा ठेस खाएर लड्छन्।

दर्शन एक प्रकारले एक औजार हो।

यसले हामीलाई हाम्रो नेतृत्वका लागि कम्पास जस्तै मानिसहरूलाई सही दिशामा देखाउने काम गर्दछ जहाँ परमेश्वरले हामी सबैलाई सेवकाईमा लैजानुहुन्छ र जहाँ उहाँले हामीलाई व्यक्तिगत रूपमा पनि सार्दै लानुहुन्छ। त्यसैले हामीले सधैं त्यो कम्पास, त्यो दर्शनको मूल्यांकन गरिरहनुपर्छ। र म तपाईंसँग केही क्षेत्रहरू साझा गर्न चाहन्छु जुन नियमित आधारमा हेर्नका लागि महत्त्वपूर्ण छ। तपाईं परमेश्वरको बोलावटमा सत्य रहँदै हुनुहुन्छ भनेर जान्नका लागि दर्शनको मूल्यांकन गर्न अनिवार्य छ। पहिलो क्षेत्रचाहिँ दर्शनको स्पष्टता हो।

के दर्शन अझै स्पष्ट छ? कहिलेकहीँ जब तपाईं सुरुमा दर्शन प्राप्त गर्नुहुन्छ, त्यहाँ यसको वरिपरि स्पष्टता हुन सक्छ, यसको वरिपरि धेरै उत्साह हुन सक्छ। र तपाईंले त्यो दर्शनलाई अगाडि बढाउन थाल्नुभयो भने, तपाईंले कार्यक्रमहरू र सेवकाईहरू विकास गर्नुहुन्छ र अचानक धेरै लेबलहरू र पहिचानहरू यसमा प्याकेज हुन्छन् र यी कुराले तपाईंले दर्शनको ध्यान गुमाउन सक्नुहुन्छ। उदाहरणका लागि, हरेक मण्डलीमा परमेश्वरबाट दर्शन हुन्छ। कुन कुराले त्यो दर्शनलाई सडकमा रहेको अर्को मण्डली भन्दा फरक बनाउँछ, त्यो हो त्यसको विशिष्टता अथवा अद्वितियपना हो। तर जब मण्डलीमा वृद्धि हुँदैजान्छ र संख्यामा पनि बढ्दैजान्छ, धेरै सेवकाईहरू थपिँदैजान्छ तब कतिचोटि दर्शनले लक्ष्य हराउन सक्छ। यो तपाईंले एक ब्रान्ड नयाँ टेलिभिजन किन्नु भए जस्तो हो जो पहिला ता चकिलो र प्रष्ट हुन्छ, तर पुरानो हुँदैजाँदा धमिलिँदै जान्छ।

अर्को कुरा, म तपाईंलाई आफ्नो दर्शनको स्पष्टता को मूल्यांकन गर्नका लागि प्रोत्साहित गर्न चाहन्छु। के तपाईं अझै पनि दर्शनमा भएको सबैभन्दा महत्त्वपूर्ण कुराप्रति इमानदार हुनुहुन्छ? जब म मण्डलीहरूको उदाहरण प्रयोग गर्छु, धेरै मण्डलीहरूले एउटै कुरा गर्छन्, किनभने तिनीहरू सबैले एउटै बाइबल पछ्याउँछन्। तिनीहरूसँग चेलापन झुण्ड छन्, तिनीहरूसँग विभिन्न सेवकाईहरू छन्, तिनीहरूले परमेश्वरको आराधना गर्छन् अनि तिनीहरूले समाजमा सहायताको सेवकाई गर्छन्।

तापनि हरेक मण्डलीमा आफ्नै प्रकारको विशिष्टता छ। यसको २०% मा तिनीहरूले गर्ने तरिकामा फरक छन्। तिनीहरूसँग एक अद्वितीय डीएनए छ, परमेश्वरमा हुने विशेषताको प्रकार त्यहाँ हुन्छ। र त्यो विशिष्टता नै साँच्चै तिनीहरूको विशेषता हो, जो तिनीहरूको अद्वितीय दर्शनको रूपमा बाहिन्छ अनि खडा हुन्छ।

त्यसपछि जब तपाईंले आफ्नो दर्शनको स्पष्टताको मूल्यांकन गर्नुहुन्छ, तब तपाईं प्रश्नहरू सोध्नुहुन्छ, “के यसले अझै पनि विश्वासलाई प्रेरित गर्छ? के यसले हामीलाई विशिष्ट रूपमा छुट्टै बनाउँछ?” राम्रो वा नराम्रो होइन, तर अद्वितीय रूपमा। के यसले हामीले सम्बोधन गर्न खोजिरहेका संकटको समाधान र हाम्रो सेवकाईको प्रयासलाई दर्शाउँछ?

तपाईंसँग भएको अद्भुत दर्शन र राम्रो भण्डारेपनको कारणले गर्दा जब तपाईंको सेवकाईमा वृद्धि हुँदैजान्छ तब त्यहाँ मूल्यांकन गर्न साँच्चै खाँचो पर्छ, कारण धेरै अन्य ब्रान्डहरू र पहिचानहरू तपाईंको सेवकाईमा जोडिन सक्छ जसले गर्दा तपाईंको सेवकाईको विशिष्टता हराएर जान सक्छ।

कहिलेकहीँ सुरुवात कहाँबाट गरिएको थियो सो पुनर्विचार गर्न धेरै उपयोगी हुन्छ कारण यसले हामीलाई दर्शनको स्पष्टता हराउनबाट बचाउँदछ। सबै सेवकाई र थप कुराहरूका निम्ति परमेश्वरलाई धन्यबाद दिनुहोस्। तर तपाईंको दर्शनको स्पष्टताको मूल्यांकन अवश्य गर्नुहोस् ताकि सुरुमा तपाईंसँग नभएका नयाँ व्यक्तिहरूले पनि दर्शनको विशिष्टतालाई बुझ्न सकून्।

तपाईंको दर्शनको स्पष्टताको मूल्यांकन पछि दोस्रो मूल्यांकनको क्षेत्र हो रणनीति। तपाईंले रणनीतिको मूल्यांकन गर्न आवश्यक छ। दर्शनको स्पष्टतासँगै दर्शनको वास्तविक रणनीतिको उद्धेश्यको मूल्यांकन पनि महत्त्वपूर्ण छ। के तपाईंको दर्शन अगाडि बढिरहेको छ?

के तपाईंको दर्शन अगाडि बढ्दैछ कि तपाईं अहिलेसम्म वृद्धि व्यवस्थापनको भूमिका मात्र निर्वाह गर्दैहुनुहुन्छ? वृद्धि व्यवस्थापन भूमिका भनेको तपाईंले यसलाई यस्तो किसिमको ढाँचा तयार गर्नुभएको छ, कि अब तपाईं यसलाई वृद्धि होइन व्यवस्थापन मात्र गर्न चाहनुहुन्छ। तर दर्शनको रणनीतिले चाहिँ यसो भन्छ, “होइन, हामी यो कुरालाई नयाँ तरिकामा परमेश्वरले यसका लागि जे चाहनुहुन्छ त्यसमा बढ्दै गएको हेर्न चाहन्छौं।” तुलना गर्ने एउटा नमुना हो चर्मपत्र अथवा एउटा मुट्ठो। जब तपाईंसँग एउटा चर्मपत्रको मुट्ठो तल घुम्छ, तपाईंले त्यो मुट्ठोको केही अंश मात्र देख्नुहुनेछ र तपाईंले त्यो मुट्ठो सम्पूर्ण पढ्नुभएन भने, तपाईंले त्यहाँ के छ भनी पूरा देख्नुहुनेछैन। सेवकाई पनि यस्तै हुनुपर्छ। यसकारण जब हामी परमेश्वरले हामीलाई दिनुभएको र देखाउनुभएको कुरामा विश्वासयोग्य हुन्छौं, तब उहाँले हामीलाई सेवाको नयाँ क्षेत्रहरूमा लैजानुहुनेछ।

कतिचोटि हामी मूल योजना चाहन्छौं। हामी त्यो निश्चित खाका चाहन्छौं जसले हामीलाई सबै कुरा देखाउँछ ताकि हामी यसलाई नियन्त्रण गर्न सक्छौं। अब हाम्रा रणनीतिहरू निश्चित हुन्छन् र रचनात्मक अनि परिवर्तनकारी हुँदैनन्। दर्शनको बारेमा एउटा भ्रमात्मक सोंच छ, अनि त्यो सोंचचाहिँ हामीले जति धेरै कार्यक्रमहरू गर्छौं, त्यति नै धेरै सफलता पाउँछौं भन्ने हो। रणनीति भनेको दर्शनमा स्पष्ट हुनु र त्यो दर्शनलाई पूरा गर्ने बाटोमा स्पष्टता हुनु हो। म प्रायः अगुवाहरूलाई सोध्छु, “दर्शन पूरा गर्न तपाईंले कम्तिमा के गर्न आवश्यक छ?” कति धेरै गर्नुपर्छ भन्ने कुराले महत्त्व राख्दैन। हामीले मूल्यांकन गर्न आवश्यक छ कि कसरी दर्शन रणनीतिक रूपमा परिवर्तन भइरहेको छ। त्यो चर्मपत्र अथवा मुट्ठो कहिले खुल्छ र परमेश्वरले हामीलाई नयाँ कुरामा डोर्‍याउनु हुँदै गरेको कुरा बाहिरिन्छ? एउटा खाका होइन जहाँ हामी सबै कुरा पहिलेबाटै जान्दछौं। दर्शनको मूल्यांकन गर्दा वृद्धि र समयअनुसार कतिको वृहत भयो भन्ने कुरालाई मात्र होइन तर त्यहाँ आउन पर्ने नयाँपनलाई पनि हेर्नपर्छ।

तपाईंको दर्शनको रणनीतिक स्वरूपलाई मूल्यांकन गर्नुहोस्। तपाईंले पछिल्लो १२ महिनामा कुन नयाँ पहलहरू सुरु गर्नुभएको छ जुन परमेश्वरले तपाईंलाई नयाँ र नवीन तरिकामा ल्याउँदै हुनुहुन्छ? त्यो दर्शनको स्पष्टता लिएर यसलाई समाजमा र समुदायमा ल्याउँदा के त्यो प्रभावशाली हुन्छ?

के यो अझ बढी प्रभावकारी हुन सक्छ? आफैलाई सोध्नुहोस्, "हामीले कुन पाठ सिकेका छौं? हामीले कुन नयाँ गल्तीहरू गरेका थियौं जसबाट हामीले शिक्षा लियौं? यी सबै दर्शनको रणनीति मूल्यांकन गर्ने तरिका हो, नतिजा मात्र मूल्यांकन नगरेर रणनीतिको मूल्यांकन गरिनुपर्छ।

यहाँ तपाईंको दर्शनलाई मूल्यांकन गर्ने तेस्रो तरिका छ, जुन मलाई धेरै महत्त्वपूर्ण लाग्छ। हामी यहाँ दर्शनको स्पष्टताको मूल्यांकन गर्नेबारे कुरा गर्छौं। हामी तपाईंको दर्शनको रणनीतिलाई मूल्यांकन गर्नेबारे कुरा गर्छौं। तपाईंले आफ्नो दर्शनमा सहभागिताको पनि मूल्यांकन गर्न आवश्यक छ।

तपाईंले आफ्नो दर्शनमा सामेल हुने व्यक्तिहरूको प्रवृत्तिको मूल्यांकन गर्न आवश्यक छ। यी ती मानिसहरू हुन्, जसलाई तपाईंले सेवा पुऱ्याउनुभएको छ। यी मानिसहरूले तपाईंको सेवकाईमा सेवा गरिरहेका छन्। त्यसको एउटा उदाहरण दिन्छु। दल भावना के हो हेरेर तपाईंले तपाईंको दर्शनमा भाग लिने व्यक्तिहरूको रणनीतिलाई मूल्यांकन गर्न सक्नुहुन्छ। तर तपाईंले यो पनि हेर्न सक्नुहुन्छ, "हल्लो मित्र, यहाँको दल कार्य के हो?" तपाईंले दलको गतिशीलता हेर्दै हुनुहुन्छ साथै उनीहरूले कसरी सँगै काम गरिरहेका छन्, सहभागिताको मूल्यांकन पनि गर्दैहुनुहुन्छ।

मानिसहरूले नै दर्शनलाई वास्तविकता बनाउँछ। धेरैचोटि हामीले दर्शनलाई उत्पादन र कार्यक्रम अनुसार मूल्यांकन गर्छौं।

हामीले मानिसको सहभागितालाई मूल्यांकन गर्नुपर्छ। उदाहरणका लागि, के तपाईंको दर्शन र साधारण विश्वासीहरूका सहभागितामा, विभिन्न भूमिकाहरू छन्? यदि तपाईंले सहभागिता र दर्शनमा मूल्यांकन गर्नुभयो र तपाईंले सबैजना उस्तै देख्नुहुन्छ, उस्तै बोल्छन्, उस्तै सोच्छन् यसले हाम्रो दर्शनलाई कमजोर बनाउँछ। के त्यहाँ सर्वसाधारण मानिसहरू छन्? के त्यहाँ विभिन्न वरदानहरू छन्? के त्यहाँ कहिलेकहीँ स्वस्थ संघर्ष हुने गर्छ?

तपाईंले गरिरहनुभएको मूल्यांकन एउटा सम्बन्धको मूल्यांकन हो। के सर्वसाधारण मानिस दर्शनको हिस्सा हो? के तिनीहरू तिनीहरू जस्ता छन् त्यस्तै अवस्थामा संलग्न छन्? म संसारभरि यात्रा गर्छु र त्यहाँका सेवकाईहरू हेर्छु। र धेरैजसो अगुवाहरू आफ्ना मण्डलीका विश्वासीप्रति कृतज्ञ भएको देख्छु र उनीहरूले व्यक्तिगत रूपमा ती मूल्यांकन गर्छन्, तर विरलै उनीहरूले समग्र रूपमा विश्वासीहरूको सहभागिताको मूल्यांकन गर्छन्। तपाईंलाई मेरो आव्हान यहीछ, कि जब तपाईंले दर्शनको मूल्यांकन गर्नुहुन्छ, तपाईंले यी कुरालाई अवश्य ध्यान दिएर मूल्यांकन गर्नुहोला।

के रणनीतिमा ताजापन र नयाँपन छ, सो तपाईंले मूल्यांकन गर्नुहोस्?

तपाईंले मानिसहरूलाई समग्रमा हेर्नुहोस् र कसरी यी मानिसहरू यस दर्शनसँग जोडिएका छन् र यो दर्शनलाई उनीहरूले आफ्नो बनाएका छन्, थाह गर्नुहोस्। अनि आफैलाई सोध्नुहोस, "के हामीसँग यस दर्शनको भविष्यको लागि आधारको रूपमा मानिसहरू छन्?"

यहाँ एक चौथो उपाय छ, जसद्वारा तपाईंले दर्शनलाई मूल्यांकन गर्न आवश्यक छ। यो उल्लेखनीय रूपमा महत्त्वपूर्ण छ। तपाईंले दर्शनको दिगोपन मूल्यांकन गर्नुपर्छ।

दर्शनले उत्साह दिन्छ। यो उर्जा हो, तपाईं खडा हुनुहोस् र मानिसहरूलाई तपाईंको दर्शन बताउनुहोस्। तपाईंले बताउँदा यस्तो प्रकारले बताउनुहोस्, मानौं तपाईंहरूले कुनै पहाड लिन जाँदैछौं र सबैले खूबै जोशसित जयध्वनिको आवाज गर्छन्। चारैतिर उत्सको बिचमा तपाईंले प्रश्न सोध्नुपर्छ, "के यो दिगो छ?"

के दर्शन स्वस्थ छ? दर्शनको स्थायित्वको मूल्यांकन गर्नु भनेको वार्षिक डाक्टरको जाँचका लागि जानु जस्तै हो। तपाईंलाई रिपोट् राम्रो  सुन्न मन पर्छ। तर तपाईं अझ १० अथवा २० वर्ष लामो बाँच्ने कुरा सुनिश्चित गर्न एक पेशेवर चिकित्सककहाँ जानुहुन्छ। तपाईंको दर्शन, स्पष्टता, रणनीति र मानिसहरू साँच्चै महत्त्वपूर्ण हुन्, तर स्थिरता हेर्नुहुन्छ, तर त्यसमा दिगोपन हुन अझ बढी महत्त्वपूर्ण छ। त्यसैले तपाईं स्वास्थ्य क्षेत्रहरू मापन गर्दै हुनुहुन्छ। म तपाईंलाई दिगो स्वास्थ्यका केही क्षेत्रहरू दिन चाहन्छु जुन तपाईंले हेर्नु पर्नेछ। एउटा हो आर्थिक। अधिकांश सेवकाईहरू बन्द हुँदैछन्, किनभने तिनीहरूसँग व्यावहारिक आर्थिक योजना छैन।

अनि यो कुरा मैले कसैलाई लज्जित तुल्याउनलाई भनेको होइन, किनकि हामी सबैलाई थाहा छ कि परमेश्वरलाई उहाँको स्रोतका लागि भरोसा गर्नुको अर्थ के हो। तर हामीले आर्थिक रूपमा आफूलाई कसरी स्थापित गर्दैछौं भन्ने कुरा हामीले हेर्नैपर्छ। के यो दिगो छ? दर्शनमा मौसमहरू छन् जुन कुरा हामीले बुझ्न खाँचो छ, र केही समयमा हामीलाई विश्वास चाहिन्छ र केही समयहरूमा हामीलाई बुद्धि चाहिन्छ। तर तपाईंले पैसालाई हेर्नुहुन्छ र भन्नुहुन्छ, के हाम्रो निम्ति यो १० वर्षको निम्ति यथेष्ट छ? तपाईंले आफ्नो पैसालाई व्यवस्थित गर्ने तरिका र त्यसको स्वास्थ्यलाई हेर्दा तपाईंले स्थापना गर्नुभएको नेतृत्व मार्गको स्वास्थ्यलाई देख्नुहुन्छ।

के यो सेवकाई तपाईंभन्दा पर जारी रहनेछ?

के यो तपाईं मा धेरै निर्भर छ? र यसको मतलब भोलि तपाईंले सबै कुरा परिवर्तन गर्नुहुन्छ भन्ने होइन, तर तपाईंसँग यो नेतृत्व मार्ग हुनुपर्छ जसले भन्छ कि हामी स्वस्थ छौं, किनकि हाम्रो अगुवापनको पहिचान दिगो छ। आर्थिक अवस्था दिगो छ। तपाईंले आफ्नो वरपरको समुदाय र संस्कृतिलाई हेर्न र भविष्यवाणी गर्नुपर्छ। हामी यस्तो युगमा बाँचिरहेका छौं जहाँ कानुन परिवर्तन हुन्छ, समाज परिवर्तन हुन्छ, संस्कृति परिवर्तन हुन्छ। के हामी यहाँ १० वर्षका लागि दिगो रूपमा उपस्थित हुन सक्छौं ताकि केही कानुनहरू परिवर्तन भए पनि हाम्रो उपस्थिति अझ रहनेछ। मलाई थाहा छ संसारको एक क्षेत्रका सेवकाईहरू र सबै सेवकाईहरूले दुई वर्षको अवधिमा आफैलाई परिवर्तन गरे अनि व्यापार भिसा पाए, किनभने व्यापार भिसाको अर्थ उनीहरू त्यहाँ बस्न सक्नेछन्। यदि तिनीहरू धार्मिक भिसामा थिए भने, समाजमा भइरहेको परिवर्तनको कारण तिनीहरू सबैले देश छोड्नुपर्ने थियो।

उनीहरूले दर्शनको दिगोपनको मूल्यांकन गरिरहेका थिए।

र यो मूल्यांकन गम्भिरतामा गर्न महत्त्वपूर्ण छ किनभने तपाईंले भविष्यको भविष्यवाणी गर्दै हुनुहुन्छ र तपाईं भन्दैहुनुहुन्छ "के हामी त्यो हदसम्म स्वस्थ र बलिया छौं जसले हामीलाई भविष्यमा पार गराउँछ?" तपाईंले वर्तमानलाई पूर्ण रूपमा मूल्यांकन गर्न सक्नुहुन्न। वर्तमानमा तपाईं परमेश्वरको महिमा गर्नुहोस् र उहाँले वर्तमानमा गर्नुभएका सबै कुराका लागि कृतज्ञ हुनुहोस्, तर साथै तपाईंले भविष्यको बारेमा पनि सोच्नुपर्छ। तपाईंको दर्शनको मूल्यांकनको एउटा पाटाचाहिँ स्थिरता अथवा दिगोपन पनि हो। मेरो विचारमा अब अन्तमा तपाईं दर्शन मूल्यांकनको  त्यो क्षेत्रमा आउनपर्छ, जुन धेरै महत्त्वपूर्ण छ, त्यो हो दर्शनको रचनात्मकता अनि नवीनता। तपाईंले प्रश्न गर्नुहोस्, "के यो दर्शनको निम्ति हामीले जोखिम लिन आवश्यक छ?"

दर्शनको मूल्यांकन गर्दा तपाईंले हेर्नु पर्ने अर्को कुराचाहिँ तपाईंले यसलाई छिँवल्ने दृष्टिकोणबाट मूल्यांकन गर्नुपर्दछ। यूहन्ना १५ मा एक बाइबलीय सिद्धान्त छ जहाँ येशूले भन्नुहुन्छ कि जुन बोटले फल फल्छ, त्यसलाई छिँवल्नुहोस्। सुकेका अर्थात् मरेका हाँगाहरूलाई हामी आगोमा फ्याँक्छौं, तर जीवित(फल फलाउने) हाँगाहरूलाई हामी छिँवल्छौं। धर्मशास्त्रमा भएको यो अर्को सिद्धान्त दर्शनका लागि अत्यन्त महत्त्वपूर्ण छ जो मृत्युको सिद्धान्त हो, जसले भन्दछ, "जबसम्म बीउ भुइँमा खसेर मर्दैन, कुनै नयाँ फल आउन सक्दैन।"

जब म नवीनता र रचनात्मकताको ठाउँबाट तपाईंको दर्शनको मूल्यांकन गर्ने कुरा गर्छु, तपाईंले आफ्नो दर्शनको बारेमा सोध्नु पर्ने एउटा प्रश्न हुन्छ, “के मर्नुपर्छ?” हुन सक्छ, त्यो कुरा जो एक समय तपाईंको निम्ति एकदम राम्रो र बहुमूल्य थियो, तर अब यो मर्नुपर्छ।

एक समय थियो जब यसले आवश्यकता पूरा गऱ्यो, तर अब समय र परिस्थिति(मौसम) बदलिएको छ र हामीले यसलाई छाँट्नु पर्छ। जब हामी दर्शनको बारेमा सोच्दछौं, हामी सधैं अझ बढोत्तरीको बारेमा सोचिरहेका हुन्छौं। हामी वृद्धिको बारेमा सोचिरहेका छौं। हामी विस्तारको बारेमा सोचिरहेका छौं। अनि बाइबलले सिकाएअनुसार वास्तविकताचाहिँ यहि हो कहिलेकहीं तपाईंले छिँवल्नुपर्छ र सुदृढ पार्नुपर्छ।

केही चीजहरू फलदायी भए तापनि अन्त्य गर्न आवश्यक छ ताकि अझ ठूलो जीवन फस्टिन पाओस्।

तपाईंले यस दृष्टिकोणबाट आफ्नो दर्शनको मूल्यांकन गर्नुपर्दछ, जुन धेरै गाह्रो हुन सक्छ, किनकि तपाईंले वास्तवमा ती कुराको अन्त्य गरिराख्नुभएको हुन्छ, जुन कुरा असल भए तापनि समय र परिस्थितिअनुसार परिवर्तन गर्नुपर्ने आवश्यकता देख्नुहुन्छ र भन्नुहुन्छ, “होइन, हामी अब त्यसो गर्नेछैनौं।”

“अब हामी अरू केही गर्न जाँदैछौं।”

त्यहाँ एउटा मण्डली थियो र उनीहरूले साँच्चै महसुस गरे कि उनीहरू आफ्ना सबै मानिसहरूलाई सानो समूहमा ल्याउने समयमा जाँदैछन्। तिनीहरूले आइतबार राती मण्डली सेवा गर्ने गर्थे, जुन अरू सबै मण्डली सेवाहरू भन्दा फरक थियो। तिनीहरूले भने, “यदि साँझमा भेट्ने यी साना समूहहरू फस्टाउन हो भने, हामीले आइतबार रातिको सेवालाई अन्त्य गर्नुपर्छ।” सुरुमा, मानिसहरू धेरै चिन्तित थिए, तर यसले साना समूहहरूलाई बढ्न र फस्टिने अवसर प्रदान गऱ्यो। तिनीहरूले एक नवीन रचनात्मक दृष्टिकोणबाट उनीहरूको दर्शनलाई मूल्यांकन गर्नुपर्थ्यो।

उनीहरूले प्रश्न सोध्नुपरेको थियो, “के एउटालाई छिँवल्नु आवश्यक छ? के एउटा मर्नु आवश्यक छ?” जब तपाईंले दर्शनलाई मूल्यांकन गर्नुहुन्छ, तपाईंले यी सबै पक्षहरू हेर्दै हुनुहुन्छ। तपाईं वास्तवमा कार्यक्रमहरू र वृद्धिलाई हेर्नुहुन्न। तपाईं यसलाई अन्य तरिकामा गर्न सक्नुहुन्छ, जुन उत्कृष्ट छ, तर तपाईं हेर्दै हुनुहुन्छ, “के हाम्रो दर्शन अझै स्पष्ट छ? समाजमा भाषा परिवर्तन हुन्छ। के हामीले हाम्रो भाषामा केही परिवर्तन गर्न आवश्यक छ ताकि हामी स्पष्ट र सत्य भएर त्यो २५% का निम्ति फरक हुन सकौं?” बाहिर हेर्दा त्यहाँ धेरै सुसमाचार सेवकाईहरू छन्। उनीहरूका बिचमा हामीलाई कुन कुराले अद्वितीय र फरक पार्दछ?

के हाम्रो रणनीति विकासशील छ? के हामीले यस्तो प्रकारको मूल योजना हेरिहेका छौं जहाँ हामीले प्रभुलाई उहाँको नेतृत्वमा भरोसा गर्दैछौं? तपाईंले सहभागिताको दृष्टिकोणबाट दर्शनको मूल्यांकन गर्नुपर्दछ।

समग्र रूपमा सबै मानिसहरू, के तिनीहरूले वरदानका विविधतालाई प्रतिनिधित्व गर्छन्?

के हामीले पुस्ताको विविधता देखिरहेका छौं? के हामीले केही गर्न आवश्यक छ ताकि हाम्रो दर्शनले हामीले चाहेको व्यापक क्षेत्रमा सहभागिता होस्? हामीले दर्शनको स्थायित्वको मापन र मूल्यांकन गर्नुपर्छ। के हामी नेतृत्व मार्गमा, वित्तमा, समाजमा स्वस्थ छौं, ताकि हामी अबदेखि १० वर्षसम्म यहाँ दिगो रूपमा अवस्थित हुनेछौं? तपाईंको दृष्टिकोणबाट दर्शनको मूल्यांकन गर्दा छाँट्नु पर्ने कुरा अथवा मर्नपर्ने कुरा के छ, जसको कारण यसले नयाँ जीवन फस्टाउन सहायता गर्नेछ सो तपाईंले मूल्यांकन गर्नुपर्छ।

मलाई थाहा छ परमेश्वरले तपाईंलाई ठूलो दर्शन दिनुभएको छ। र मलाई यो पनि थाहा छ, कि तपाईंले त्यो दर्शनलाई वास्तविकतामा परिणत गर्न कडा मेहनत गरिरहनुभएको छ। र यसको लागि म तपाईंलाई प्रशंसा गर्छु।

तर दर्शनको काम र दर्शनको परिणामको मूल्यांकनमा नै यति व्यस्त नहुनुहोस् कि तपाईं दर्शनकै बारेमा मूल्यांकनबाट वञ्चित हुनुहोला। यी क्षेत्रहरूलाई प्रार्थनापूर्वक विचार गर्नका लागि आफ्नो दलसँग धेरै समय प्रार्थनामा बिताउनुहोस्। यसरी पवित्र आत्माले तपाईंलाई मार्गनिर्देशन अनि स्पष्टता दिनुहुनेछ र तपाईं अफ्नो दर्शनप्रति निरन्तर विश्वासयोग्य हुनुहोस्।